## कोशी...

माग छ । रिटमा लगाइएको आरोपको जवाफमा मुख्यमन्त्री उद्धव थापाले सभामुख बाबुराम गौतमको हस्ताक्षर नभएर सांसदको हैसियतको हस्ताक्षर भएको जिकिर गरेका छन् । 'माननीय बाबुराम गौतमले प्रदान गरेको समर्थन प्रदेशसभाको अध्यक्षता गर्ने क्रममा गरिएको हैन', जवाफ पत्रमा थापाले लेखेका छन् 'माननीय बाबुराम गौतम जनप्रतिनिधिको रूपमा सांसद पदमा रहेको हुनाले आफ्नो निर्वाचन क्षेत्रलाई प्रतिनिधित्व गर्दै सरकार निर्माणको प्रक्रियामा सामेल हुन् पाउँदछन् ।'

सात पृष्ठ लामो जवाफमा मुख्यमन्त्री थापाले एमालेले आफ्नो नेतृत्वमा सरकार बनाउन गरेको मागलाई गैर संवैधानिक रहेको जिकिर गरेका छन् । मुख्यमन्त्रीको रूपमा आफू चयन भइसकेको अवस्थामा विश्वासको मत लिन एक महिनाको समय संविधानले दिएकोले अर्को सरकार गठन हुन् नसक्ने जिकिर गरेका छन् ।

रिटमा मुख्यतः सभामुख बाबुराम गौतमले सरकार गठनमा हस्ताक्षर गरेको घटनाबाट अन्य उपघटना सिर्जना भएको जिकिर छ । रिट निवेदनकर्ता  कार्कीले समेत मुख्यतः सभामुख गौतमले गरेको क्रियाकलापबाट अन्य घटना भएको बताउँदै आएका छन् ।

घटनाको मुख्य पात्रको रूपमा दर्साइएका सभामुख बाबुराम गौतमले भने छोटकरीमा आफ्नो जवाफ सर्वोच्चमा दिएका छन् । दुई पेजको जवाफमा गौतमले आफूले कुनै गैरसंवैधानिक काम नगरेको जिकिर गरेका छन् । प्रदेशसभामा रहेका दलहरूको उपस्थितिको आधारमा सरकार गठन हुन नसक्ने भएपछि आफूले मुख्यमन्त्री चयनमा हस्ताक्षर गरेको जवाफमा उल्लेख गरेका छन् ।

## भन्सारका...

भन्सार जाँचपास भएर ट्याक्सीमा लैजान लागिएको अवस्थामा सुन बरामद गरिएको थियो । सो प्रकरणमा हालसम्म चिनियाँ नागरिकसहित १० जना पक्राउ परेका छन् ।

घटना सम्बन्धमा भन्सार विभागबाट ६ सदस्यीय छानबिन समिति गठन गरिएको छ । समितिलाई पाँच दिनभित्र प्रतिवेदन पेस गर्न भनिएको छ । सो प्रतिवेदनपछि थप कुरा खुल्ने सूचना अधिकारी खड्काले बताए ।

बुधबार बरामद गरिएको सुन काठमाडौंको बबरमहलस्थित नेपाल राष्ट्र बैंकको टक्कार महाशाखाको ढुकुटीमा राखिएको छ ।

## गणतन्त्रका...

गरेका छन् । सोही लेखको अर्को ठाउँमा पुष्पलाल लेख्छन्, '... इरान तथा अरबका केही निरंकुश राजतन्त्र जो आफैं तेल रूपी धनराशिका मालिक छन्– आफ्ना जनताको उग्र विरोधको सामना गरिरहेका छन् भने हाम्रो देशको राजतन्त्र जसलाई आफ्नो प्रशासनयन्त्रको खर्च चलाउनलाई पनि विदेशी दानमा भर पर्नुपर्दछ, त्यसको अन्त्य नभई कसको होला त ?'

पुष्पलालले यो लेखको अन्त्यमा विशेष जोड दिंदै 'अब नेपालमा हुने क्रान्ति एक राजतन्त्रलाई हटाई अर्को राजतन्त्र कायम गर्ने क्रान्ति' नहुने भन्दै 'यस्तो क्रान्तिको मूल उद्देश्य नै सामन्ती र विदेशी स्वार्थलाई नेपालको माटोबाट उखेलेर फ्याँकी जनताको गणतन्त्रीय व्यवस्था कायम गरी समाजवादमा लम्कने हुनुपर्दछ' भनेर लेखेका छन् ।

यसरी सारा राजनीतिक दल र शक्तिहरू कोही निरंकुश राजतन्त्र र कोही संवैधानिक राजतन्त्रको पक्षमा लागेको वेला पनि पुष्पलालले सैद्धान्तिक, वैचारिक र नीतिगत रूपमा आफूलाई गणतन्त्रको पक्षमा दृढतापूर्वक उभ्याएको देखिन्छ । त्यसैले पुष्पलाल नेपाली धर्तीमा गणतन्त्रात्मक विचार र मान्यताका संवाहकका रूपमा भूमिका खेल्ने प्रथम राजनेता हुन् भनेर निर्विवाद रूपमा भन्न सकिन्छ ।

**पुष्पलाल र मनमोहनका संयोग र वियोग**

नेकपाका 'संस्थापक महासचिव' पुष्पलाल र 'दोस्रो महासचिव' मनमोहन अधिकारीबीच थुप्रै 'संयोग' र 'वियोग' छन् । त्यसमध्ये एउटा संयोग नेपालको कम्युनिस्ट आन्दोलनका यी दुई शीर्ष नेताको जन्मदिवस एकै दिन पर्नु हो ।

पुष्पलाल रामेछापको भँगेरीमा १५ असार १९८१ मा जन्मेका थिए । मनमोहनको जन्म पनि १५ असार १९७८ मा लाजिम्पाट (काठमाडौं) मा भएको थियो ।

खासमा पुष्पलालको पुर्ख्यौली थलो काठमाडौं हो, मनमोहनको विराटनगर । दुवैका बाबु सरकारी जागिरे भएकाले पुष्पलालको रामेछापमा र मनमोहनको जन्म काठमाडौंमा भएको थियो ।

**पहिलो महासचिव, पहिलो कम्युनिस्ट**

पुष्पलाल नेकपाका संस्थापक महासचिव हुन भने मनमोहन पहिलो नेपाली पनि हुन् ।

पुष्पलालले नेकपाको स्थापना गर्दा मनमोहन अधिकारी जेलमा थिए । पुष्पलालले नरबहादुर कर्माचार्य, निरन्जन गोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठलाई संस्थापक बनाएर नेकपा स्थापना गरेका थिए ।

तर, स्थापनाको ६ महिना बित्दानबित्दै थप नेताहरुलाई समावेश गरेर नेकपा केन्द्रीय कमिटी विस्तार भयो । विस्तार गरिंदा पाँच संस्थापकमध्ये पुष्पलाल मात्र केन्द्रीय कमिटीमा परे ।

पुष्पलालले संस्थापक केन्द्रीय सदस्य बनाएका बाँकी चार जना नेताहरु कर्माचार्य, वैद्य, जोशी र श्रेष्ठ नयाँ केन्द्रीय कमिटीमा समेटिएनन् । नयाँ केन्द्रीय कमिटीको ३० भदौ २००६ मा कलकत्तामा भएको बैठकले पुष्पलाललाई नेकपाको महासचिव चयन गऱ्यो । यही निर्णयका कारण पुष्पलालको नाम नेकपाका 'संस्थापक महासचिव' को रुपमा दर्ज भयो ।

तर, त्यसअगावै मनमोहन अधिकारीले 'कम्युनिस्ट पार्टी' को सदस्यता प्राप्त गरिसकेका थिए । लाग्ला, पुष्पलालभन्दा पहिले मनमोहनले कसरी 'कम्युनिस्ट पार्टी' को सदस्यता प्राप्त गरे ?

खासमा मनमोहन भारतीय कम्युनिस्ट नेताहरुको संसर्गमा परेर पुष्पलालभन्दा अगाडि नै 'कम्युनिस्ट' भइसकेका थिए । मनमोहन बनारस हिन्दु विश्वविद्यालयमा विज्ञानका विद्यार्थी थिए । त्यही बेला महात्मा गान्धीको नेतृत्वमा अंग्रेजविरुद्ध 'भारत छोडो' आन्दोलन सुरु भयो । मनमोहन पनि आन्दोलनमा सरिक भए ।

आन्दोलनमा संलग्न तीन विद्यार्थीलाई सुरुमै अंग्रेज प्रशासनले पक्राउ गऱ्यो । तीनमध्ये दुई जना नेपाली विद्यार्थी थिए- मनमोहन अधिकारी र गोपालप्रसाद भट्टराई । पक्राउ परेका मनमोहनलाई त्यहाँको जिल्ला कारागार र त्यसपछि केन्द्रीय कारागार लगियो ।

मनमोहनले एउटा संस्मरणमा उल्लेख गरेअनुसार केन्द्रीय कारागारमा भारतीय कम्युनिस्ट पार्टीका नेताद्वय शिवपुजन त्रिपाठी र शिवदानसिंह चौहान पनि थिए । 'ती दुई कम्युनिस्ट नेताहरुले जेलमा चलाएको क्लासमा मैले पनि भाग लिएँ,' अधिकारीले भनेका छन्, 'मैले त्यहीँ जेलबाट पार्टी (भाकपा) को सदस्यता लिएको हुँ ।'

डेढ वर्ष भारतीय जेलमा थुनिएपछि अधिकारी रिहा भए । नेपाल फर्केर विराटनगर जुटमिलमा जागिर खाए । विसं २००३ चैत्रमा भएको मजदुर आन्दोलनमा बीपी कोइरालासँगै उनी पक्राउ परी काठमाडौं ल्याइए ।

साढे दुई वर्ष काठमाडौंको नख्खु जेलमा बिताएपछि २००६ साउनमा उनी रिहा भए । मनमोहन जेलबाट रिहा हुँदा नेकपाको स्थापना भइसकेको थियो । जेलमा रहेका मनमोहन भारतीय कम्युनिस्ट पार्टीका सदस्य हुन् भन्ने जानकारी पुष्पलालले पनि पाइसकेका थिए ।  पुष्पलाल कुनै हिसाबले मनमोहनसँग सम्पर्क गर्न चाहन्थे । मनमोहन रिहा भएर विराटनगर पुगेपछि पुष्पलालले नारायणविलाश जोशी (नेकपाका संस्थापक) लाई सम्पर्कका लागि विराटनगर पठाए ।  नेपालको कम्युनिस्ट आन्दोलनका यी दुई शीर्ष नेताबीच पहिलो भेट विराटनगरको सीमावर्ती भारतीय सहर जोगबनीमा भएको थियो । त्यही भेट-कुराकानीपछि मनमोहन पनि पुष्पलाल नेतृत्वको नेकपामा सक्रिय हुने भए । जोगबनी भेटको केही समयपछि कलकत्तामा नेकपाको पहिलो बैठक बस्यो । मनमोहनलाई पुष्पलालले नेकपाको केन्द्रीय सदस्य बनाए । दुवै जनाको संयुक्त राजनीतिक जीवन सुरुवातको केही वर्षपछि उनीहरु पारिवारिक सम्बन्धमा समेत जोडिए । सहोदर दिदी-बहिनी बिबाह गरेर ।

**अन्तिम क्षण : अलग बाटो**

बीपी कोइराला नेतृत्वको नेपाली कांग्रेसको सरकारलाई राजा महेन्द्रले १ पुस २०१७ मा अपदस्थ गर्दा अधिकारी उपचार सिध्याएर चीनबाट फर्किसकेका थिए । त्यो बेला पार्टी डा. रायमाझीको नेतृत्वमा थियो । २०१७ सात वर्ष लामो कारावासपछि उनी ४ फागुन २०२५ मा रिहा भए ।  त्यो काण्डका बेला सोभियत संघ भ्रमणमा रहेका महासचिव डा. रायमाझीले भने नेपाल फर्केपछि राजा महेन्द्रलाई समर्थन गरे । डा. रायमाझीको कदमपछि नेकपाभित्र विभाजनको शृङ्खला सुरु भयो ।

डा. रायमाझीले पार्टीलाई 'धोका' दिए पनि पुष्पलालले नेकपा क्रान्तिकारी धारलाई जोगाइरहे । उनी नयाँ ढंगले पार्टी पुनर्गठनमा लागे । २०२५ सालमा अधिकारी जेलबाट रिहा हुँदा नेकपा रायमाझी, पुष्पलाल र तुलसीलाल श्रेष्ठ गरी तीन समूहमा विभाजित भइसकेको थियो । रिहा भएपछिको केही वर्षपछि मनमोहनले पञ्चायतको विरुद्धमा रहेका नेकपाका विभाजित समूहहरुलाई एकीकृत गर्ने प्रयास थाले ।

पुष्पलालले पनि यस्तै प्रयास गरिरहेका थिए । तर, सफल भइरहेका थिएनन् । नेकपा एकताका लागि २०२८ मंसिरमा पुष्पलाल र मनमोहनबीच वार्ता सुरु भयो । मनमोहनले नेकपाको 'केन्द्रीय न्युक्लियस' निर्माणको प्रस्ताव गरे । पुष्पलाल कम्युनिस्ट आन्दोलनका सबैभन्दा शीर्ष नेता थिए । त्यही बेला एकता प्रक्रिया अघि बढ्न सकेको भए एकीकृत कम्युनिस्ट पार्टीको नेतृत्वको अवसर सम्भवतः पुष्पलालकै काँधमा आउन सक्थ्यो । तर, नेपालका कम्युनिस्टहरुलाई एउटै झण्डामुनि गोलबद्ध गर्ने प्रयास त्यो बेला सम्भव भएन ।

# काठमाडौँको फोहोर तीन दिनभित्र उठाइसक्ने

**सौर्य समाचार**



काठमाडौं । यही साउन १ गतेदेखि रोकिएको काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन आइतबारदेखि पुनः सुरु गरिएको छ । फोहोर व्यवस्थापन स्थलका स्थानीयले अवरोध गरेपछि काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन रोकिएको थियो ।

काठमाडौं महानगरपालिका वातावरण विभाग प्रमुख रवीनमान श्रेष्ठले त्यहाँका स्थानीयसँगको सहमतिपछि फोहोर व्यवस्थापन पुनः सुरु भइसकेको जानकारी दिए । उनका अनुसार रोकिएको फोहोर व्यवस्थापन तीन दिनभित्र पूरा भइसक्नेछ । उनले सुरक्षाकर्मीको सहयोगमा शुक्रबार एक सय ५२ गाडी र आज एक सय ६४ गाडी फोहोर व्यवस्थापन गरिएको बताए । उपत्यकाका सडकमा थुप्रिएको फोहोर सोमबारसम्म व्यवस्थापन गरिने र मङ्गलबारदेखि घर-घरको फोहोर पनि व्यवस्थापन हुने उनको भनाइ छ ।

एक वर्षअघि काठमाडौं महानगरपालिका र स्थानीयबीच भएको सहमति कार्यान्वयन नभएको भन्दै त्यहाँका स्थानीयले यही साउन १ देखि फोहोर व्यवस्थापनमा अवरोध गर्दै आएका थिए । नुवाकोट ककनी गाउँपालिका र धादिङको धुनीबेँसी नगरपालिकाका स्थानीयले बञ्चरेडाँडामा फोहोर व्यवस्थापन नगर्न भन्दै अवरोध गरेका थिए ।

महानगरपालिकासँग भएको बाँकी सहमति बिस्तारै कार्यान्वयन गर्ने सर्तमा तत्कालका लागि अवरोध हटाउने सहमति भएको हो । अन्तिम फोहर व्यवस्थापनस्थल बञ्चरेडाँडामा यसअघि थुपारेको फोहोरलाई क्यापिङ (फोहोरलाई माटोले पुर्ने) गरी औषधि राखेर दुर्गन्ध हटाएपछि स्थानीयको अवरोध हटेको धुनीबेँसी नगरपालिका वडा नं १ का अध्यक्ष मानबहादुर तामाङले जानकारी दिए । सामान्यतया काठमाडौं उपत्यकाका १८ स्थानीय तहको तीन सय गाडी फोहोर दैनिकरूपमा व्यवस्थापन हुँदै आएको छ । विगत १५ वर्षसम्म सिसडोलमा फोहोर व्यवस्थापन हुँदै आएको गत भदौ ७ गतेदेखि बञ्चरेडाँडामा अन्तिम व्यवस्थापन हुँदै आएको हो ।


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office, Surkhet**
**Road Division, Jumla**

**INVITATION FOR BIDS**

**IFB No.: RDJML/080/81-01**
**Date of Publication: 2080/04/07 (23rd July, 2023)**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Road Division Office, Khalanga, Jumla and intends to apply part of the funds to cover eligible payments under the Contracts given in the Table below. Bidding is open to all eligible Nepalese Bidders.

| S. N. | Contract Identification No. | Description and Location of Works | Estimated Amount without VAT & Contingencies (NRs.) | Non Refundable Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period / Bid Security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | RDJML/337310113/080/81-01 | Recurrent Maintenance Work (Pothole Repair with Bituminous Emulsion) along Khulalu – Ghodena - Nagma Section ) NH61-003-A & NH61-004-C | 6,223,206.85 | 3,000 | 156,000.00 | 90 / 120 |
| 2 | RDJML/337310113/080/81-02 | Recurrent Maintenance Work (Pothole Repair with Bituminous Emulsion) Karnali Highway, ( Nagma- Jumla Khalanga Section ) NH61-005-A | 3,928,183.11 | 3,000 | 99,000.00 | 90 / 120 |
| 3 | RDJML/337310113/080/81-03 | Road Side Maintenance Works (Road Side drain maintenance works) along Ghodena-Nagma Section. Kalikot | 4,299,834.45 | 3,000 | 108,000.00 | 90 / 120 |
| 4 | RDJML/337310113/080/81-04 | Road Side Maintenance Works (Road Side drain  maintenance works) along Nagma – Jumla Khalanga Section. Jumla | 5,368,064.00 | 3,000 | 135,000.00 | 90 / 120 |
| 5 | RDJML/337011694/080/81-05 | Roadway Excavation and Structural Works along Bhatadi - Patedil- Deuramalika hudai Triveni Samm Road, Kalikot | 8,557,662.07 | 3,000 | 214,000.00 | 90 / 120 |
| 6 | RDJML/337011694/080/81-06 | Roadway Improvement Work (Widening, Structures and Pavement Work ) along Tum dekhi Lamachaur samm Road Rarako Paryatakiy Marga Chhayanath Rara Na.Pa.-03 Mugu, Mugu | 8,550,502.55 | 3,000 | 214,000.00 | 90 / 120 |
| 7 | RDJML/337011694/080/81-07 | Roadway Improvement Work (Widening, Structures and Pavement Work) along Tulsipur-Makhantakuri-luham Chaurjhari -Jajarkot khalanga jumla- kudari-Mugu (Lumbini Rara prayatakiya drutt Marg), Jumla | 8,528,127.56 | 3,000 | 213,000.00 | 90 / 120 |
| 8 | RDJML/337011694/080/81-08 | Road Upgrading Works along  Patarasi Ga.Pa. 4 - Lasi - Tirkhu- Letilekh-Muduri-Gothigaun hudai Manisanghu jodne Sadak, Jumla | 4,268,852.71 | 3,000 | 107,000.00 | 90 / 120 |
| 9 | RDJML/337011694/080/81-09 | Road Upgrading Works along  Guthichaur 4 Pyakurebada hudai Duiyabhidbat Mudurisamm Road,  Jumla | 4,242,026.28 | 3,000 | 106,000.00 | 90 / 120 |
| 10 | RDJML/337011694/080/81-10 | Roadway excavation and Structural works along Kalikot – Malkot Sadak, Kalikot | 8,559,492.91 | 3,000 | 214,000.00 | 90 / 120 |
| 11 | RDJML/337011694/080/81-11 | Road Upgrading Works along  Dansanghu to Guthichaur  Road, Jumla | 8,538,190.94 | 3,000 | 213,000.00 | 90 / 120 |
| 12 | RDJML/337011384/080/81-12 | Roadway Improvement Work (Widening and Structural Work ) along  Karnali Rajmarga (NH58)  ( Daihikhola - Khulalu Section) ,  Kalikot | 12,808,589.86 | 3,000 | 320,000.00 | 90 / 120 |
| 13 | RDJML/337011384/080/81-13 | Roadway Improvement Work (Widening, Structures and Pavement Works ) along Tharmare – Chaurjhari- Jajarkot Khalanga -Jumla Kudari-Mugu Rara Road,  (Ch 5+000 Km to 13+000 Km),  Jumla | 16,605,579.59 | 3,000 | 415,000.00 | 90 / 120 |

2. Bidders shall have submitted theirs bids electronically only from PPMO's website: www.bolpatra.gov.np/egp,  Bidders submitting their bid electronically  should deposit  the cost of Bidding documents / Bid security as specified below:

| Last Date and Time for Bid Purchase | Last Date and Time for Bid Submission | Date, Time  & Place  for Bid Opening |
|---|---|---|
| Date: B.S. 2080/05/06 (A.D. 2023/08/23) Time: 12.00 hours | Date: B.S. 2080/05/06 (A.D. 2023/08/23 ) Time: 12.00 hours | Date: B.S. 2080/05/06 (A.D. 2023/08/23 ) Time: 13.00 hours „ Road Division Jumla |

| Cash Deposit for Purchase of  Bid Document | | Cash Deposit for Bid Security  (Optional if bidder submits Bank Guarantee from A Class Bank ) | |
|---|---|---|---|
| *Office Name* | Road Division Jumla | *Account Name:* | Ko.Le.Ni.Ka. Jumla Dharauti |
| *Name of Bank* | Rashtriya Banijjya Bank,  Khalanga , Jumla | *Name of Bank* | Rashtriya  Banijjya Bank, Khalanga ,Jumla |
| *Office Code No.* | 337016201 | *Account Number:* | 4030100102030000 |
| *Office Account No.* | 1000200010000 | | |
| *Revenue Head No.* | 14229 | | |

3. Pre-bid meeting shall be held at  Road Division Khalanga, Jumla on date 2080/04/28BS (2023/08/13 AD) at 11.00 hours.
4. Any amendment in the tender notice shall be posted in the notice board of the Road Division Khalanga, Jumla and PPMO's website:www.bolpatra.gov.np/egp. Eligible Bidders  may